लोक सेवा आयोग

अप्राविधिक तर्फका नेपाल प्रशासन र संघीय संसद सेवा, सामान्य प्रशासन समूह, राजपत्रअनंकित प्रथम श्रेणी,
नायब सुब्बा वा सो सरह पदको द्वितीय चरणको खुल्ला प्रतियोगितात्मक लिखित परीक्षा
मिति: २०८२/१/१५

समय: २ घण्टा ३० मिनेट **पत्र: तृतीय** **पूर्णाङ्क: १००**

विषय: सेवा-समूह सम्बन्धी

(Service-Group Related Subject)

तलका प्रश्नहरूको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ ।

खण्ड (Section) – A — अंक – 35

1. कार्यालयमा संगठनात्मक मान्यता र मर्यादा प्रणालीको महत्त्व प्रष्ट पार्नुहोस् । **5**
Elucidate the importance of organizational norms and status system in an office.

2. अभिलेख व्यवस्थापनमा सूचना प्रविधिको प्रयोगलाई कसरी प्रभावकारी रूपमा व्यवस्थित गर्न सकिन्छ? उल्लेख गर्नुहोस् । **5**
How can the use of information technology be managed effectively in record management? Mention.

3. बैठक व्यवस्थापनका उद्देश्यहरू उल्लेख गर्दै प्रभावकारी बैठक व्यवस्थापनका पूर्वशर्तहरू लेख्नुहोस् । **2+3=5**
Mentioning the purposes of meeting management, write down the prerequisites of effective meeting management.

4. जिन्सी सामानको अभिलेख किन राख्नुपर्दछ? यसलाई प्रभावकारी बनाउने उपायहरू उल्लेख गर्नुहोस् । **2+3=5**
Why should the record of inventory be kept? Mention the measures to make it effective.

5. सार्वजनिक सेवा प्रवाहमा सेवाग्राहीको गुनासाका प्रमुख कारणहरू के के हुन्? यस्ता गुनासा कम गर्दै लैजान कार्यालय प्रमुखले के कस्ता कुराहरूमा ध्यान दिनुपर्दछ? उल्लेख गर्नुहोस् । **2+3=5**
What are the main reasons of service recipient's grievances in public service delivery? What matters should the office chief pay attention to minimize such grievances? Mention.

6. अधिकार प्रत्यायोजनको औचित्य प्रकाश पार्नुहोस् । नेपालको सार्वजनिक प्रशासनमा अधिकार प्रत्यायोजनको अभ्यास अपेक्षित रूपमा प्रभावकारी किन हुन नसकेको हो? आफ्नो तर्क प्रस्तुत गर्नुहोस् । साथै, अधिकार प्रत्यायोजनलाई अझ बढी प्रभावकारी बनाउन कुन कुन पक्षमा ध्यान पुऱ्याउनुपर्ला? वर्णन गर्नुहोस् । **3+3.5+3.**
Highlight the rationality of delegation of authority. Why has the practice of delegation of authority in the public administration of Nepal not been effective as expected? Present your logic. In addition, what aspects should be considered to make delegation of authority more effective? Describe.

खण्ड (Section) – B — अंक – 35

7. सार्वजनिक व्यवस्थापनमा नियन्त्रणको आवश्यकता तथा महत्त्वबारे उदाहरणसहित प्रकाश पार्नुहोस् । **5**
Highlight about the need and importance of control in public management with example.

8. समय व्यवस्थापन भनेको के हो? सार्वजनिक निकायमा समय व्यवस्थापनको महत्त्वबारे उल्लेख गर्नुहोस् । **5**
What is time management? Mention about the importance of time management in public entities.

9. लोक सेवा आयोगको कार्यहरू उल्लेख गर्नुहोस् । **5**
Mention the functions of Public Service Commission.

10. उत्प्रेरणाको अवधारणा स्पष्ट पार्दै उत्प्रेरणाका गैरमौद्रिक तत्त्वहरू उल्लेख गर्नुहोस् । **5**
Clarifying the concept of motivation, mention the non-monetary elements of motivation.

11. कस्तो अवस्थाहरूमा निजामती कर्मचारीलाई भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिने गरी हटाउन सकिन्छ? उल्लेख गर्नुहोस् । **5**
Under what circumstances can a civil servant be removed from service without being disqualified for future government service? Mention.

12. विकास प्रशासनका विशेषताहरू उल्लेख गर्दै नेपालको सन्दर्भमा यसका चुनौतीहरू वर्णन गर्नुहोस् । **5+5=10**
Mentioning the features of development administration, describe its challenges in the context of Nepal.

खण्ड (Section) – C **अंक – 30**

13. सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ का उद्देश्यहरू के के हुन्? ऐन अनुसार कस्तो प्रकारका सम्पत्ति शुद्धीकरण गर्न हुँदैन? स्पष्ट पार्नुहोस् । **2.5+2.5=**
What are the objectives of Asset (Money) Laundering Prevention Act, 2064? As per the act, what kind of assets should not be laundered? Clarify.

14. सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ अनुसार प्रशासनिक कार्य सञ्चालनका आधारहरू के के हुन्? लेख्नुहोस् । **5**
According to Good Governance (Management and Operation) Act, 2064, what are the bases of conducting administrative work? Write down.

15. नेपालमा विपद् व्यवस्थापनको लागि प्रादेशिक तहमा के कस्तो संस्थागत संरचनाको व्यवस्था गरिएको छ? लेख्नुहोस् । **5**
What institutional mechanism has been provisioned for the disaster management at provincial level in Nepal? Write down.

16. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का प्रमुख विशेषताहरू उल्लेख गर्नुहोस् । **5**
Mention the major characteristics of Local Government Operation Act, 2074.

17. सार्वजनिक खरिद ऐन, २०६३ मा व्यवस्था गरिए बमोजिम विभिन्न खरिद विधिहरू उल्लेख गर्नुहोस् । नेपालको सार्वजनिक खरिद प्रणालीमा के कस्ता समस्याहरू छन्? वर्णन गर्नुहोस् । **5+5=10**
Mention the different procurement methods as provisioned in Public Procurement Act, 2063. What are the problems in public procurement system of Nepal? Describe.

«« समाप्त »»

Re-typed for readability by Loksewa Pathsala from the question paper of the Public Service Commission (Lok Sewa Aayog), Nepal. If there is any difference, the original paper published by the Commission prevails.
Please share the page link loksewapathsala.com, not this file.